# कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका, २०७५

**मन्त्रिपरिषद्बाट स्विकृत मितिः २०७५ मंसिर २८ गते**

कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न सोही ऐनको दफा ४८ बमोजिम गण्डकी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ।

(३) यो निर्देशिका गण्डकी प्रदेश भर लागू हुनेछ। गण्डकी प्रदेश सरकारले जारी गरेको कर तथा गैरकर राजस्व संकलन सम्बन्धी ऐन, २०७५ तथा सालवसाली आर्थिक ऐन बमोजिमको कर वा राजस्व, यस प्रदेशको अधिकार क्षेत्रभित्र सिर्जना भएको कर तथा गैरकर बुझाउनुपर्ने दायित्व भएको व्यक्ति जहासुकै रहे वसेको भए पनि निजको हकमा समेत लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले कर तथा गैरकर राजस्व संकलन सम्बन्धी ऐन, २०७५ सम्झनुपर्दछ ।

(ख) "कृषि आयमा कर" भन्नाले ऐनको दफा १३ बमोजिम प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रको कृषि उपजको प्रारम्भिक रूपमा विक्री गरेको बखत लगाउने कर सम्झनुपर्दछ ।

(ग) "घर जग्गा रजिष्ट्रेशन शुल्क" भन्नाले ऐनको दफा ९ बमोजिम संकलन हुने रकमलाई जनाउँछ ।

(घ) "दहत्तर बहत्तर शुल्क" भन्नाले ऐनको दफा १५ बमोजिम प्रदेशले आफ्नो क्षेत्रभित्र रोडा, ढुंगा, गिट्टी, चिप्स, माटो, बालुवा र दहत्तर बहत्तरको संकलनमा लगाउने शुल्क सम्झनुपर्दछ ।

(ङ) "दहत्तर बहत्तर" भन्नाले आर्थिक ऐन, २०७५ को दफा ८ अनुसूची -६ मा परिभाषित गरे अनुसारका ढुंगा, गिट्टी, वालुवा, माटो, चट्टान जस्ता जमिन भित्र वा बाहिर रहेका यस्तै प्रकृतिको प्राकृतिक स्रोत समेतलाई बुझाउँछ ।

(च) "पर्यटन शुल्क" भन्नाले ऐनको दफा १४ बमोजिम प्रदेश आफैले निर्माण गरेका तथा संघीय सरकारबाट हस्तान्तरण भएका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी उठाउने शुल्कलाई सम्झनुपर्दछ ।

(छ) "प्रारम्भिक कृषि उपज" भन्नाले ऐनको दफा १३ को स्पष्टीकरण खण्डमा तोकिएका वस्तुहरु : धान, गहुँ, कोदो, फापर, मकै, फलफूल, तरकारी, आलु, अण्डा, मासुजन्य पदार्थ, दुध दलहन, तेलहन जस्ता अन्य खाद्य वस्तु सम्झनुपर्दछ ।

(ज)"प्रारम्भिक रुप" भन्नाले ऐनको दफा १३ को उपदफा (३) बमोजिम उत्पादन देखि प्रशोधन भई विक्री वितरणका लागि तयार भएको कृषि उपज सम्झनुपर्दछ ।

(झ)"मनोरञ्जन कर" भन्नाले ऐनको दफा ११ बमोजिम प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, व्यापारिक साँस्कृतिक तथा मनोरञ्जनात्मक मेला महोत्सव, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाईने मनोरञ्जनका साधनमा लगाइने कर सम्झनुपर्दछ ।

(ञ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्दछ ।

(ट)"मालपोत कार्यालय" भन्नाले साविकमा संघीय सरकारबाट स्थापित भई हाल प्रदेश कानून बमोजिम घर जग्गा लगायतका रजिष्ट्रेशन शुल्क, दस्तुर संकलन गर्ने निकाय तथा संघीय वा प्रदेश कानून बमोजिम घर जग्गा रजिष्ट्रेशन प्रयोजनका लागि स्थापना हुने कार्यालय समेतलाई सम्झनुपर्दछ ।

(ठ) "राजस्व" भन्नाले कर तथा गैरकर, शुल्क, दस्तुर, जरिवाना तथा प्रचलित कानून बमोजिम संघ, प्रदेश वा स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने रकम सम्झनुपर्दछ ।

(ड) "विज्ञापन कर" भन्नाले ऐनको दफा १२ बमोजिम प्रदेशमा विज्ञापन सामग्री राखे वापत स्थानीय तहले लगाउने कर सम्झनुपर्दछ ।

(ढ) "विज्ञापन सामग्री" भन्नाले ऐनको दफा १२ को स्पष्टीकरणमा उल्लेखित होडिङ बोर्ड, नियोन डिजिटल डिस्प्ले भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोस्टर बेलुन जस्ता सामग्री समेतलाई जनाउँछ।

(ण) "यातायात व्यवस्था कार्यालय" भन्नाले साविक संघीय सरकारबाट स्थापित भई हाल प्रदेश कानून बमोजिम सवारी साधन कर, शुल्क, दस्तुर संकलन गर्ने निकाय तथा संघीय वा यस प्रयोजनका लागि प्रदेश कानून बमोजिम स्थापना हुने कार्यालय समेतलाई सम्झनुपर्दछ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।

(थ) "सवारी साधन" भन्नाले ऐनको दफा १० को उपदफा (१) को स्पष्टीकरणमा उल्लेखित इन्धन वा उर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी सम्झनुपर्दछ ।साथै यस अन्तर्गत सामान ढुवानीमा प्रयोग हुने ट्रक, लरी, ट्याक्टर तथा निर्माण व्यवसायमा प्रयोग हुने क्रेन, डोजर, स्काभेटर जस्ता सवारी साधन समेत सम्झनु पर्दछ।

(द) "सवारी साधन कर" भन्नाले ऐनको दफा १० बमोजिम प्रदेश सरकारले सवारी साधनमा लगाउने कर सम्झनुपर्दछ।

## परिच्छेद-२

## घरजग्गा रजिष्ट्रेशन शुल्क

३. **घरजग्गा रजिष्ट्रेशन शुल्कको संकलन तथा दाखिलाः** (१) कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५, साल बसाली प्रदेश आर्थिक ऐन तथा यस निर्देशिका बमोजिम रजिष्ट्रेशन शुल्कको दर तोकी संकलन गरिनेछ।

(२) अर्को कानूनी व्यवस्था नभएसम्म मालपोत कार्यालयबाट घर जग्गा रजिष्ट्रेशन शुल्क संकलन गरिनेछ।

(३) मालपोत कार्यालयले प्रदेश आर्थिक ऐनले तोके अनुरुपको दर र प्रक्रियाबाट घरजग्गा रजिष्ट्रेशन शुल्क असुल गरी ऐनको दफा ९ को उपदफा (५) बमोजिम

मासिक रुपमा ४० प्रतिशतले रकम प्रदेश संचित कोषमा र ६० प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको स्थानीय संचित कोषमा दाखिला गर्नुपर्नेछ।

तर मालपोत कार्यालयबाट संकलन हुने पूर्जा बिक्री, नामसारी दस्तुर, न्यायिक दण्ड जरिवाना जफत, रोक्का दस्तुर, सेवा शुल्क लगायतका अन्य सेवा शुल्क दस्तुर सिधै प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) सालबसाली आर्थिक ऐनले तोकेका नगर पूर्बाधार जस्ता प्रकृतिका शुल्कलाई सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

४. **विवरण पठाउनुपर्नेः** (१) मालपोत कार्यालयले दफा ३ बमोजिम संकलित घरजग्गा राजिष्ट्रेशन शुल्क संकलन तथा यस्तो शुल्क दाखिला भएको विवरण यसै निर्देशिकाको अनुसूची -१ मा रहेको फाराम नं. १ अनुसार प्रविष्ट गरी प्रत्येक महिना समाप्त भएको मितिले ७ दिनभित्र मन्त्रालय र सम्बन्धित स्थानीय तहमा पठाउनुपर्नेछ।

५. **हिसाव ब्यवस्थित गरी राख्नुपर्नेः**- (१) मालपोत कार्यालयले आफुले संकलन गरेको प्रचलित कानून बमोजिम संघ, प्रदेश वा स्थानीय तहको संचित कोषमा जम्मा गर्ने प्रकृतिको कर तथा गैरकर राजस्वको हिसाव व्यवस्थित गरी राख्नुपर्नेछ ।

## परिच्छेद-३
## सवारी साधन कर

६. **सवारी साधन करको संकलन तथा दाखिलाः** (१) सवारी साधन करको संकलन यातायात व्यवस्था कार्यालय मार्फत हुनेछ ।

(२) टाँगा, रिक्सा र विद्युतीय रिक्सामा बाहेक अन्य सबै सवारी साधनको करको दर प्रदेश आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) यातायात कार्यालयले सवारी साधन कर वापत उठेको रकम प्रचलित कानून बमोजिम प्रदेश विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ। संकलित सवारी साधन करको विवरण मासिक रूपमा अनुसूची -२ मा उल्लेखित फारम नं. १ सहित प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र मन्त्रालयमा पठाउनुपर्नेछ। यातायात

व्यवस्था कार्यालय (सवारी चालक अनुमति पत्र) ले अनुसूची -२(क) फारम नं. १ बमोजिमको विवरण मन्त्रालयमा पठाउनुपर्नेछ ।

तर सवारी साधन कर बाहेक यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्रबाट संकलन हुने आवेदन दस्तुर, लाइसेन्स वितरण दस्तुर, नवीकरण दस्तुर, पुन परीक्षण (रि ट्रायल) दस्तुर, नेपालीकरण दस्तुर, बर्ग थप दस्तुर लगायतका शुल्क, दस्तुर प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश बिभाज्य कोषमा जम्मा भएको सवारी साधन करको ६० प्रतिशत रकम प्रदेश संचित कोषमा पठाई ४० प्रतिशतले हुने रकम मन्त्रालयले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उपलब्ध गराएको सुत्र बमोजिम स्थानीयतहको संचित कोषमा पठाउने छ ।

(५) उपदफा (४) बमोजिमको स्थानीय संचित कोषमा रकम ट्रान्सफर गर्ने कार्य प्रदेश लेखा नियन्त्रक कार्यालय तथा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रदेश लेखा हेर्ने संयन्त्र मार्फत हुनेछ।

## परिच्छेद-४

## मनोरञ्जन कर

७. **मनोरञ्जन करको संकलन तथा दाखिला:** (१) ऐनको दफा ११ बमोजिमका मनोरञ्जनका साधनमा लाग्ने मनोरञ्जन करको दर सालबसाली आर्थिक ऐनबाट प्रदेश सरकारले तोक्नेछ ।

(२) ऐनको दफा ११ बमोजिमका मनोरञ्जनका साधनमा लाग्ने मनोरञ्जन करको प्रशासन स्थानीय तहबाट हुनेछ।

(३) प्रदेश आर्थिक ऐन, २०७५ को दफा ४ अनुसूची -३ बमोजिम चलचित्र घर, व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि संचालन गरिने मेला महोत्सव र व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्टमा मनोरञ्जन कर लाग्नेछ ।

(४) चलचित्र घरले प्रवेश शुल्कको आधारमा आर्थिक ऐनले तोकेको प्रतिशत दरमा मनोरञ्जन कर संकलन गर्नुपर्नेछ।

उदाहारणको लागि आर्थिक ऐन, २०७५ ले गाउँपालिकामा रहेका चलचित्र घरका लागि मनोरञ्जन करको दर ५ प्रतिशत तोकेको छ । ‘क’ भन्ने पालिकामा रहेको ‘अ’ भन्ने चलचित्र घरको बालकोनि श्रेणीको प्रवेश शुल्क रु १०० छ भने प्रति टिकट प्रवेश शुल्क रु १०० को ५ प्रतिशतले हुने रु ५ मनोरञ्जन कर संकलन गर्नुपर्नेछ ।

८. **<u>हिसाव दुरुस्त राख्नुपर्ने:</u>** चलचित्र घरले मासिक रुपमा संकलन गरेको प्रबेश शुल्क तथा मनोरञ्जन कर संकलनको हिसाब दुरुस्त राखी अनुसूची -३ को फारम नं. ३ ढाँचामा प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र स्थानीय तहमा पेश गर्नुपर्नेछ। ढिला विवरण बुझाएमा आर्थिक ऐनले तोके बमोजिम शुल्क लाग्नेछ ।

९. **<u>दाखिला तथा जानकारी:</u>** (१) चलचित्र घरले मनोरञ्जन कर वापत संकलन भएको कर रकम भोलिपल्टै ग -४-२ समूहको विभाज्य कोष खातामा दाखिला गर्नुपर्नेछ। सो को मासिक विवरण अनुसूची ३ फारम नं. ३ मा प्रबिष्ट गरी प्रत्येक महिना समाप्त भएको मितिले सात दिन भित्र सम्बन्धित स्थानीय तहमा पठाउनुपर्नेछ ।

(२) स्थानीय तहले मेला महोत्सव तथा कन्सर्टको अनुमति प्रदान गर्दाको बखत आर्थिक ऐनले तोके बमोजिमको दरमा मनोरञ्जन कर संकलन गरी विभाज्य कोष खाता ग -४-२ मा दाखिला गर्नुपर्नेछ ।

(३) स्थानीय तहले आफैले संकलन गरेको तथा चलचित्र घर तथा अन्य स्रोतबाट संकलन भएको मनोरञ्जन कर तथा कर दाखिलाको विवरण अनुसूची -३ फारम नं. १ बमोजिमको ढाँचामा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## <u>विज्ञापन कर</u>

१०. **<u>विज्ञापन करको दर तोकी उठाउनुपर्ने:</u>** स्थानीय तहले ऐनको दफा १२ बमोजिम प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन करको दर तोकी उठाउने प्रबन्ध मिलाउनु पर्नेछ ।

**११. <u>विवरण पठाउनुपर्ने:</u>** स्थानीय तहले दफा १० बमोजिम विज्ञापन कर संकलन गरी सोको विवरण अनुसूची -४ फाराम नं. १ को ढाँचामा प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

**१२. <u>दाखिला गर्नुपर्ने:</u>** स्थानीय तहले दफा १० बमोजिम संकलित विज्ञापन कर ग-४-२ समूहको खातामा दाखिला गर्नुपर्नेछ। विज्ञापन कर वापत ग -४-२ समूहको खातामा भएको रकम ऐनको दफा १२ को उपदफा (८) बमोजिम ६० प्रतिशतले हुने रकम स्थानीय संचित कोष र ४० प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा दाखिला गर्ने प्रबन्ध मिलाइनेछ ।

**१३. <u>विज्ञापन कर सम्बन्धी कानून:</u>** स्थानीय तहले विज्ञापन कर सम्बन्धी कानून बनाउँदा ऐनको दफा १२ तथा प्रचलित संघीय र प्रदेश कानून अनुकूल हुने गरी बनाउनु पर्नेछ ।

## परिच्छेद-६
## <u>कृषि आयमा कर</u>

**१४. <u>कर संकलन:</u>** (१) ऐनको दफा १३ बमोजिम सालबसाली आर्थिक ऐनले तोके अनुसार कृषि आयमा कर लाग्नेछ।

(२) ऐनको दफा १३ उपदफा (३) बमोजिम कृषि उपजको प्रारम्भिक रुपमा (उत्पादन देखि प्रशोधन भई विक्री वितरणका लागि तयार भएको) विक्री गरेको बखत असुल गरिनेछ ।

(३) प्रदेश सरकारको छुट्टै संरचना तयार नभएसम्म कृषि आयमा लाग्ने करको प्रशासन स्थानीय तहबाट हुनेछ।

**१५. <u>विवरण पेश गर्नुपर्ने:</u>** (१) वार्षिक १० लाख रुपैंया भन्दा बढीको प्रारम्भिक कृषि उपज बिक्री गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको मितिले ३

महिनाभित्र अनुसूची - ५ फाराम नं. १ बमोजिमको आय विवरण स्वयं घोषणा गरी सम्बन्धित स्थानीय तहमा कर सहितको विवरण पेश गर्नुपर्नेछ ।

(२) स्थानीय तहले आफ्नो कार्यालयमा पेश हुन आएको कृषि आयमा लाग्ने करको विवरण संकलन गरी अर्को महिनाको ३० गते भित्र अनुसूची -५ फाराम नं. २ को ढाँचामा मन्त्रालयमा पठाउनुपर्नेछ ।

१६. **<u>रकम दाखिला गर्नुपर्नेः</u>** (१) स्थानीय तहले कृषि आयमा लाग्ने करको ९८ प्रतिशत प्रदेश संचित कोषमा दाखिला गरी २ प्रतिशतले हुन आउने रकम स्थानीय संचित कोषमा दाखिला गर्ने प्रबन्ध मिलाउनुपर्नेछ ।

(२) ऐनको दफा २३ बमोजिमको म्यादभित्र कर नबुझाउने करदातालाई वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्नेछ ।

## परिच्छेद-७

## <u>पर्यटन शुल्क</u>

१७. **<u>पर्यटन शुल्क तोक्ने र सकंलन गर्नेः</u>** (१) ऐनको दफा १४ बमोजिम प्रदेश सरकारले आफै निर्माण गरेका वा संघीय सरकारबाट हस्तान्तरण भई आउने पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सालबसाली प्रदेश आर्थिक ऐन बमोजिम पर्यटन शुल्क तोकिनेछ ।

(२) प्रदेश सरकारको संरचना तयार नहुन्जेलसम्म उपदफा (१) बमोजिमको पर्यटन शुल्क स्थानीय तहबाट संकलन गर्ने प्रबन्ध मिलाइनेछ ।

१८. **<u>राजस्व दाखिला गरी  विवरण पठाउनुपर्नेः</u>** स्थानीय तहले संकलन गरेको पर्यटन शुल्कको रकम प्रदेश संचित कोषमा दाखिला गरी सो को विवरण अनुसूची - ६ फाराम नं. १ को ढाँचामा प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र मन्त्रालयमा पठाउनुपर्नेछ

## परिच्छेद-८

## दहत्तर बहत्तर शुल्क

१९. **ऐन, नियम पालना गर्नुपर्नेः** (१) स्थानीय तहले दहत्तर बहत्तर संकलन गर्दा संघीय सरकार तथा प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, निर्देशिका, कार्यविधि समेत पालना गर्नुपर्नेछ ।

(२) ठेक्का बन्दोबस्त वा अन्य कुनै प्रकारबाट कर संकलन गर्दा सार्वजनिक खरिद ऐन, प्रदेश सार्वजनिक खरिद नियमावली, कार्यविधि एवं निर्देशिका बमोजिम गर्नु पर्नेछ ।

२०. **शुल्क तोकी असुल गर्नुपर्नेः** (१) ऐनको दफा १५ बमोजिम प्रदेश सरकारले सालवसाली आर्थिक ऐनबाट दहत्तर बहत्तर शुल्क तोक्नेछ ।

(२) स्थानीय तहले ऐनको दफा १५ को उपदफा (२), (३), (४), (५) को मापदण्ड पूरा गरी दहत्तर बहत्तर संकलन र विक्री गर्नेछ । दहत्तर बहत्तरमा आर्थिक ऐन २०७५ को दफा ८ र अनुसूची - ६ बमोजिम शुल्क असुल गरी ग -४-२ समूहको खातामा दाखिला गर्नुपर्नेछ ।

२१. **लागत अनुमान तयार गर्नुपर्नेः** (१) अमानत वा सोझै बिक्री नगरी ठेक्का प्रकृयाबाट विक्री गर्दा आर्थिक ऐनले तोकेको दरमा न्यूनतम लागत अनुमान तयार गरी लिलाम बढाबढ गर्न सकिनेछ ।

(२) लिलाम बढाबडबाट दहत्तर बहत्तर बिक्री गर्दा लिलाम अंक अनुरुप प्राप्त किस्ताको सबै रकम ग-४-२ समूहको विभाज्य कोष खातामा राख्नुपर्नेछ ।

२२. **विवरण पेश गर्नुपर्नेः** (१) दफा २१ को उपदफा (१) बमोजिम लिलाम बढाबढ गराई बढी मोल गर्नेसँग सम्झौता गर्ने व्यवसायीले लिलाम अंक बमोजिम सामान उठाएको मासिक विवरण र सो मा संलकन भएको दहत्तर बहत्तर शुल्कको

रकमको विवरण अनुसूची -७ फारम नं. ३ को ढाँचामा प्रत्येक महिना समाप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(२) स्थानीय तहले दहत्तर बहत्तर शुल्क संकलन तथा सो बापत ग -४-२ समूहमा संकलन भएको राजस्वको विवरण समेत अनुसूची - ७ फाराम नं. १ को ढाँचामा प्रत्येक महिना समाप्त भएको मितिले १५ दिन भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-९
## विभाज्य कोष खाता संचालन

२३. **विभाज्य कोष खाता खोल्नुपर्नेः** (१) स्थानीय तहले संचित कोष खाता रहेको बैंकमा ग -४-२ समूहको विभाज्य कोष खाता खोल्नुपर्नेछ।

(२) स्थानीय तहले संकलन गर्ने विज्ञापन कर, मनोरञ्जन कर, र दहत्तर बहत्तर शुल्कको रकम उपदफा (१) बमोजिमको विभाज्य कोष खातामा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको विभाज्य कोष खाताको सञ्चालन स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखबाट गर्नुपर्नेछ ।

(४) स्थानीय तहले उपदफा (२) बमोजिम विभाज्य कोष खातामा जम्मा भएको रकम मध्ये ६० प्रतिशत स्थानीय तहको सञ्चित कोष र ४० प्रतिशत रकम प्रदेश सञ्चित कोष खातामा मासिक रुपमा जम्मा गर्नुपर्नेछ ।

(५) प्रदेश सञ्चित कोषमा रकम जम्मा गर्ने सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

## परिच्छेद १०
## विविध

२४. **विवरण पेश गर्नुपर्ने:** (१) स्थानीय तह, मालपोत कार्यालय र यातायात व्यवस्था कार्यालयले अनुसूची बमोजिमका फारामहरु भरी तोकिएको समयभित्र मन्त्रालयमा विवरण पेश गर्नुपर्ने छ ।

(२) आवश्यक देखिएको विषयमा मन्त्रालयले आवश्यक समन्वय गरी राय सुझाब उपलब्ध गराउने छ, राय सुझावको पालना गर्नु सम्बन्धित कार्यालय वा स्थानीय तहको कर्तव्य एवं दायित्व हुनेछ ।

२५. **संशोधन :** मन्त्रालयले यस निर्देशिकामा रहेका अनुसूचीमा थपघट गर्ने तथा प्रक्रिया सरलीकरण गर्न निर्णय गर्न सक्नेछ ।

घ.ज.र.फारम
नं. १

अनुसूची -१

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा ९ तथा आर्थिक ऐन, २०७५ को दफा २

## अनुसूची -१ सँग सम्बन्धित

## मालपोत कार्यालय,......................

## ...............जिल्ला गण्डकी प्रदेश, नेपाल

## २०७५ ................ महिनाको घर जग्गा रजिष्ट्रेशन शुल्क संकलनको

## मासिक विवरण

| क्र.सं. | शीर्षक नं. | विवरण राजस्व | असुली | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | |
| १ | १४१७७ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | | | | ग-४-२ समूहको विभाज्यकोष खातामा दाखिला गर्ने |
| २ | १४२१३ | अन्य विक्रिबाट प्राप्त रकम (रातो पूर्जा तथा अन्य फाराम बिक्री ) | | | | प्रदेश सञ्चित कोषमा दाखिला गर्ने |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (डोर शुल्क, बित्तिय धितो, लिज, प्रतिलिपि, दा.खा., नामसारी, हालसाविक र अध्यावधिक संशोधन, घरकायम, रोक्का आदी) | | | | |
| ४ | | नगर पूर्वाधार शुल्क(आर्थिक ऐन २०७५ को दफा २को अनुसूची १ खण्ड ग सि नं २१ बमोजिम थैली अंक ०.५ प्रतिशत) | | | | सम्बन्धित स्थानीयतहको सञ्चितकोषमा दाखिला गर्ने |
| जम्मा | | | | | | |
| ५ | ११११३ | पुँजिगत लाभकर | | | | संघीय सञ्चितकोषमा दाखिला गर्ने |
| **कुल जम्मा** | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

अनुसूची-१

घ.ज.र.फारम नं.२

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा ९ तथा आर्थिक ऐन, २०७५ को दफा २

## अनुसूची - १ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, नेपाल

## गण्डकी प्रदेश अन्तरगतका मालपोत कार्यालयबाट संकलित घर जग्गारजिस्ट्रेशन शुल्कको विवरण

## २०७५ ........ महिना

| कार्यालय | घर जग्गा रजिष्ट्रेशन दस्तुर | अन्य विक्रिबाट प्राप्त रकम (रातो पूर्जा तथा अन्य फाराम बिक्री ) | अन्य प्रशासनिक सेवा शुल्क (डोर शुल्क, बित्तिय धितो, लिज, प्रतिलिपि, दा.खा., नामसारी, हालसाविक र अध्यावधिक संशोधन, घरकायम, रोक्का आदी) | (नगर पूर्बाधार शुल्क (आर्थिक ऐन २०७५ को दफा २ को अनूसुची १ खण्ड ग सिनं २१ बमोजिम थैली अंकको ०.५ %) | पूँजीगत लाभकर | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| सिदिवास, गोरखा | | | | | | | | | |
| गोरखा | | | | | | | | | |
| लमजुङ | | | | | | | | | |
| चामे, मनाङ | | | | | | | | | |
| रत्नपुरी, कास्की | | | | | | | | | |
| लेखनाथ कास्की | | | | | | | | | |
| तनहुँ | | | | | | | | | |
| पर्वत | | | | | | | | | |
| नवलपरासी | | | | | | | | | |
| बाग्लुङ | | | | | | | | | |
| बुर्तिबाङ, बाग्लुङ | | | | | | | | | |
| मुस्ताङ | | | | | | | | | |
| म्याग्दी | | | | | | | | | |
| वालिङ्ग, स्याङ्जा | | | | | | | | | |
| स्याङ्जा | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

अनुसूची -२

स.चा.अ.प. फाराम नं २

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा ९ तथा आर्थिक ऐन, २०७५ को दफा २

## अनुसूची १ सँग सम्बन्धित

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, नेपाल

२०७५ ..........महिनाको सवारी चालक अनुमति पत्र वापत संकलित राजस्वको विवरण

| कार्यालय | विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवेदन दस्तुर | लाइसेन्स वितरण दस्तुर | पुन परीक्षण (रि-ट्रायल) दस्तुर | नवीकरण दस्तुर | नेपालीकरण दस्तुर | वर्ग थप दस्तुर | प्रतिलिपि दस्तुर | प्रादेशीकरण/ अञ्चलीकरण दस्तुर | अन्य दस्तुर | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | कैफियत |
| पोखरा, कास्की | | | | | | | | | | | | | |
| बाग्लुङ | | | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

स.चा.अ.प. फाराम नं १

अनुसूची -२

कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १० तथा आर्थिक ऐन, २०७५ को दफा ३ अनुसूची -२ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, पोखरा

## यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र ......................

**२०७५ ................ महिनाको सवारी चालक अनुमती पत्र बापत संकलित राजस्वको विवरण**

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण | संख्या | असुली | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | |
| १ | | क) आवेदन दस्तुर | | | | | |
| २ | | ख) लाइसेन्स वितरणदस्तुर | | | | | |
| ३ | | ग)पुन परिक्षण (रि-ट्रायल) दस्तुर | | | | | |
| ४ | | घ)नवीकरण दस्तुर | | | | | |
| ५ | | ङ)नेपालीकरण दस्तुर | | | | | |
| ६ | | च) वर्ग थप दस्तुर | | | | | |
| ७ | | छ) प्रतिलिपि दस्तुर | | | | | |
| ८ | | ज)प्रादेशीकरण/अञ्चलीकरण दस्तुर | | | | | |
| ९ | | ज)अन्य दस्तुर | | | | | |
| | | **जम्मा** | | | | | |

| | | |
|---|---|---|
| तयार गर्नेको दस्तखत | रुजु गर्नेको दस्तखत | प्रमाणित गर्ने को दस्तखत |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : |

अनुसूची – २ क

स.सा.क. फाराम नं १

कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १० तथा आर्थिक ऐन, २०७५ को दफा ३ अनुसूची -२ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, पोखरा

## यातायात व्यवस्था कार्यालय ......................

### २०७५ ............... महिनाको सवारी साधन कर संकलन सम्बन्धी राजस्वको

### मासिक विवरण

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण | संख्या | | असुली | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | निजी सवारी | भाडाका सवारी | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको जम्मा | |
| १ | | क) कार जीप, भ्यान | | | | | | |
| २ | | ख) मोटरसाइकल, स्कुटर/मोपेड | | | | | | |
| ३ | | ग)डोजर, स्काभेटर, लोडर,ट्रिपर, क्रेन, मिनिटिपर आदि | | | | | | |
| ४ | | घ)थ्रि ह्विलर, टेम्पो, ट्याक्टर, पावर ट्रिलर | | | | | | |
| ५ | | ङ) मिनी ट्रक, मिनी बस | | | | | | |
| ६ | | च) ट्रक/बस | | | | | | |
| ७ | | छ)तेल ट्याङ्कर/ ग्यास बुलेट | | | | | | |
| ८ | | अन्य | | | | | | |
| | | **जम्मा** | | | | | | |

| तयार गर्नेको दस्तखत | रुजु गर्नेको दस्तखत | प्रमाणित गर्ने को दस्तखत |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : |

अनुसूची – २ क

स.सा.क. फाराम नं २

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा ९ तथा आर्थिक ऐन,२०७५ को दफा २

## अनुसूची - १ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### गण्डकी प्रदेश, नेपाल

२०७५ ..........महिनाको सवारी साधन कर संकलनको विवरण

| कार्यालय | विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार, जीप, भ्यान | मोटरसाइकल, स्कुटर/ मोपेड | डोजर, स्काभेटर, रोलर, ट्रिपर, क्रेन, मिनिटिपर आदि | थ्रि ह्विलर, टेम्पो, ट्याक्टर, पावर ट्रिलर | मिनीट्रक, मिनीबस | ट्रक/बस | तेल ट्याङ्कर, ग्यास बुलेट | अन्य | यो महिनाको जम्मा | गत महिनाको जम्मा | यो महिना सम्मको कुलजम्मा | कैफियत |
| पोखरा, कास्की | | | | | | | | | | | | |
| बाग्लुङ | | | | | | | | | | | | |
| नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | | | | | | | | | | | | |
| तनहुँ, डुम्रे | | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

म.क. फाराम नं १

अनुसूची -३

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा ११ तथा आर्थिक ऐन,२०७५ को दफा ४ अनुसूची - ३ सँग सम्बन्धित

## .....................................महानगरपालिका/ नगरपालिका/गाउँपालिका

## ..............जिल्ला गण्डकी प्रदेश, नेपाल

### २०७५ ................ महिनाको मनोरञ्जन कर सम्बन्धी राजस्वको मासिक विवरण

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण | असुली | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | |
| १ | | चलचित्र घरबाट प्राप्त मनोरञ्जन कर | | | | |
| २ | | मेलामहोत्सव (व्यापारिक तथा व्यवसायिक) बाट प्राप्त मनोरञ्जन कर | | | | |
| ३ | | कन्सर्ट (व्यापारिक तथा व्यवसायिक) बाट प्राप्त मनोरञ्जन कर | | | | |
| ४ | | अन्य | | | | |
| **जम्मा** | | | | | | |

**नोटः स्थानीय तहमा एक भन्दा बढी सिनेमा हल भएमा सबै सिनेमा हलबाट प्राप्त मनोरञ्जन कर सि.न. १ मा समावेश गर्नुपर्ने। मेला महोत्सव र कन्सर्टको स्वीकृति संख्या वा दिनको विवरण कैफियतमा उल्लेख गर्न सकिने । सि.न. १ देखि ३ मा नपरेको शीर्षकको मनोरञ्जन कर सि.न. ४ मा उल्लेख गर्ने ।यो विवरण तयार गर्न छुट्टै सहायक विवरण तयार गरेको भए सो को प्रतिलिपी समेत मन्त्रालयमा पठाउने।**

| तयार गर्नेको दस्तखत | रुजु गर्नेको दस्तखत | प्रमाणित गर्ने को दस्तखत |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : |

म.क. फाराम नं २

अनुसूची -३

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा ११ तथा आर्थिक ऐन २०७५ को दफा ४ अनुसूची - ३ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, नेपाल

### २०७५ ............... महिनाको मनोरञ्जन कर सम्बन्धी राजस्वको मासिकविवरण

| कार्यालय | | | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **१.स्याङजा** | | | | | | | | |
| पुतलीबजार नगरपालिका | | | | | | | | |
| फेदीखोला गाउँपालिका | | | | | | | | |
| आँधिखोला गाउँपालिका | | | | | | | | |
| अर्जुन चौपारीगाउँपालिका | | | | | | | | |
| भीरकोटनगरपालिका | | | | | | | | |
| बिरुवा गाउँपालिका | | | | | | | | |
| हरिनासगाउँपालिका | | | | | | | | |
| चापाकोट नगरपालिका | | | | | | | | |
| वालिङ नगरपालिका | | | | | | | | |

अनुसूची - ३

म.क. फाराम नं ३

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा ११ तथा आर्थिक ऐन, २०७५ को दफा ४ अनुसूची-३ सँग सम्बन्धित

## २०७५ .................... महिनामा.................. महानगरपालिका, नगरपालिका, गाउँपालिकामा मनोरञ्जन कर सम्बन्धी पेश गरेको विवरण

**फर्म वा कम्पनीको नाम/ठेगाना.........**

**स्थायी लेखा नं/मु अ कर दर्ता नं........**

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण | पेश गरेको | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | |
| १ | | चलचित्र घर | | | | |
| २ | | मेलामहोत्सव (व्यापारिक तथा व्यवसायिक) | | | | |
| ३ | | कन्सर्ट (व्यापारिक तथा व्यवसायिक) | | | | |
| ४ | | अन्य | | | | |
| **जम्मा** | | | | | | |
| | | | | | | |

फर्मको छाप

दस्तखत ..........................................................................

प्रोपाइटर/व्यवस्थापक/संचालकको नाम.....................

मिति ....................................................................

अनुसूची -४

वि.क.फारम नं १

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १२ तथा आर्थिक ऐन,२०७५ को दफा५ सँग सम्बन्धित

## ......................................महानगरपालिका/ नगरपालिका/गाउँपालिका

## ...............जिल्ला गण्डकी प्रदेश, नेपाल

### २०७५ ................ महिनाको विज्ञापन कर सम्बन्धी राजस्वको

### मासिक विवरण

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण | असुली | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| **जम्मा** | | | | | | |
| | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

क.फारम नं २

# अनुसूची - ४

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १२ तथा आर्थिक ऐन २०७५ को दफा ५ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, नेपाल

### २०७५ .............. महिनाको विज्ञापन कर सम्बन्धी राजस्वको मासिक विवरण

| कार्यालय | यो महिनाको जम्मा | गत महिनाको जम्मा | यो महिना सम्मको कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| **१.स्याङजा** | | | | |
| पुतलीबजार नगरपालिका | | | | |
| फेदीखोला गाउँपालिका | | | | |
| आँधिखोला गाउँपालिका | | | | |
| अर्जुन चौपारी गाउँपालिका | | | | |
| भीरकोट नगरपालिका | | | | |
| बिरुवा गाउँपालिका | | | | |
| हरिनास गाउँपालिका | | | | |
| चापाकोट नगरपालिका | | | | |
| वालिङ नगरपालिका | | | | |
| गल्याङ नगरपालिका | | | | |

अनुसूची -५ कृ.आ.क फा नं १

## कर तथा गैर कर ऐन २०७५ को दफा १३ तथा आर्थिक ऐन २०७५ को दफा ६, अनुसूची -४ सँग सम्बन्धित

## करदाता सम्बन्धी विवरण

**कृषकको नामः-** **ठेगाना**

**आय वर्षः** **विवरण पेश गरेको निकायः**

**विभिन्न शीर्षकका कृषि उपजबाट भएका आयको विवरण**

| क्र.स. | विवरण | रकम रु | | |
|---|---|---|---|---|
| १ | कर तथा गैर कर ऐन २०७५ को दफा १३ बमोजिमका प्रारम्भिक कृषि उत्पादनबाट भएको कुल आम्दानी | | | |
| २ | कर तथा गैर कर ऐन २०७५ को दफा १३ बमोजिमका प्रारम्भिक कृषि उपजको उत्पादनमा लागेको कुल खर्च | | | |
| ३ | करयोग्य आय (१)-(२) | | | |
| ४ | पहिलो दस लाख सम्म छुट | १० लाख | | |
| ५ | खुद करयोग्य आय (३)-(४) | | | |
| ६ | कर गणनाको विवरण | | | |
| | क) रु दसलाख देखि बिसलाख सम्म एक प्रतिशतका दरले हुन आउने रकम | | | |
| | ख) रु बिसलाख देखि माथि जतिसुकै आय भएपनि दुई प्रतिशतका दरले हुन आउने रकम | | | |
| ७ | जम्मा कर रकम रु | | | |
| | अक्षेरेपीः | | | |
| करदाताको घोषणा | | | | |

दस्तखत

करदाताको नाम

विवरण पेश गरेको मिति

कार्यालय प्रयोजनकोलागि

| | |
|---|---|
| विवरण दर्ता न. | विवरण दर्ता मितिः |
| विवरण वुझ्ने अधिकारी | रसिद नं. |
| द्रष्टव्यः उपरोक्त बमोजीम विवरणा पेश गर्दा कर तथा गैर कर ऐन २०७५को दफा १३ बमोजिमका प्रारम्भिक कृषि उपजहरुः धान, गहुँ, कोदो, फापर, मकै, फलफुल, तरकारी, आलु, अण्डा, मासुजन्यपदार्थ, माछा दुध, दलहन, तेलहन जस्ता उत्पादनको बिक्रीबाट भएको कुल आम्दानी तथाकुल खर्चलाई पुष्ट्याई गर्ने उपज पिच्छेको विवरण समेत साथै पेश गर्नु पर्ने छ। | |

कृ.आ. क फा नं २

**अनुसूची -५**

## कर तथा गैर कर ऐन २०७५ को दफा १३ तथा आर्थिक ऐन २०७५ को दफा ६, अनुसूची -४ सँग सम्बन्धित

### ....पालिकाबाट आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गरिएको आ.व. ........को कृषि आयमा संकलन भएको करको विवरण

| सि.नं. | कृषकको नामः- | ठेगाना | घोषणा भएको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | कुल आय | कुल खर्च | कर योग्य आम्दानी | भुक्तानी गरेको करको रकम | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| **जम्मा** | | | | | | | |
| करदाताको घोषणा | | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

कृ.आ. क फा नं ३

## अनुसूची -५

### कर तथा गैर कर ऐन २०७५ को दफा १३ तथा आर्थिक ऐन २०७५ को दफा ६, अनुसूची -४ सँग सम्बन्धित

### प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय. गण्डकी प्रदेश, पोखरा

### आ.व. ........ को कृषि आयमासंकलन भएको करको विवरण

| सि.नं. | पालिका/कार्यलयको नाम | ठेगाना | दाखिला भएको कृषि आयको विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | आय घोषणा गरेका कृषक संख्या | कुल आय | कुल खर्च | कर योग्य आम्दानी | भुक्तानी गरेको करको रकम | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| **जम्मा** | | | | | | | | |

| तयार गर्नेको दस्तखत | रुजु गर्नेको दस्तखत | प्रमाणित गर्ने को दस्तखत |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : |

अनुसूची -६

प.शु.फारम नं १

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १४ तथा आर्थिक ऐन,२०७५ को दफा (७) अनुसूची-५ सँग सम्बन्धित

## ......................महानगरपालिका, नगरपालिका, गाउँपालिका

## ...............जिल्ला गण्डकी प्रदेश, नेपाल

### २०७५ ................ महिनाको पर्यटन शुल्क सम्बन्धी राजस्वको मासिक विवरण

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण | असुली | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | |
| १ | | प्राचिन स्मारक र पुरातात्त्विक सम्पदा | | | | |
| २ | | संग्राहलय | | | | |
| ३ | | पदमार्ग | | | | |
| ४ | | गुफा | | | | |
| ५ | | पार्क, संरक्षण क्षेत्र, शिकार आरक्ष र पिक्निक स्पट | | | | |
| ६ | | प्यारागलाइडिङ, अल्ट्रा लाइट, बन्जी जम्पिङ र जिप फ्लायर | | | | |
| ७ | | रकक्लाइम्बिङ र क्यानोनिङ | | | | |
| ८ | | भ्यू टावर | | | | |
| ९ | | पर्यटन सेवा शुल्क | | | | |
| **जम्मा** | | | | | | |

| | | |
|---|---|---|
| तयार गर्नेको दस्तखत | रुजु गर्नेको दस्तखत | प्रमाणित गर्ने को दस्तखत |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| मिति : | मिति : | मिति : |

प.शु. फारम नं. २

# अनुसूची - ६

## कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १४ तथा आर्थिक ऐन २०७५ को दफा ७ अनुसूची - ५ सँग सम्बन्धित

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## गण्डकी प्रदेश, नेपाल

## २०७५ ............... महिनाको पर्यटन कर सम्बन्धी राजस्वको मासिक विवरण

| कार्यालय | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| **१.स्याङजा** | | | | |
| पुतली बजार नगरपालिका | | | | |
| फेदीखोला गाउँपालिका | | | | |
| आँधिखोला गाउँपालिका | | | | |
| अर्जुन चौपारीगाउँपालिका | | | | |
| भीरकोटनगरपालिका | | | | |
| बिरुवा गाउँपालिका | | | | |
| हरिनासगाउँपालिका | | | | |

अनुसूची - ७

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १५ तथा आर्थिक ऐन,२०७५ को दफा ८ अनुसूची - ६ सँग सम्बन्धित

## ......................महानगरपालिका, नगरपालिका, गाउँपालिका

## ...............जिल्ला गण्डकी प्रदेश, नेपाल

२०७५ ................ महिनाको ढुङ्गा, गिटी, बालुवा (दहत्तर-वहत्तर) संकलन सम्बन्धी राजस्वको मासिक विवरण

| क्र.सं. | राजस्व शीर्षक नं. | विवरण (खोला/नदीको नाम/स्थान) | किसिम (रोडा, गिटी, ढुंगा, चिप्स, माटो, बालुवा केहो खुलाउने) | संकलन अनुमति परिमाण (घनफिट) | कुल अनुमानित रकम वा कुल ठेक्का रकम | असुली | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | यो महिनाको जम्मा | | गत महिना सम्मको जम्मा | | यो महिना सम्मको कुल जम्मा | | |
| | | | | | | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

तयार गर्नेको दस्तखत
नाम :
पद :
मिति :

रुजु गर्नेको दस्तखत
नाम :
पद :
मिति :

प्रमाणित गर्ने को दस्तखत
नाम :
पद :
मिति :

द.ब.फाराम नं २

**अनुसूची -७**

**कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५, को दफा १५ तथा आर्थिक ऐन, २०७५ को दफा ८ अनुसूची-६ सँग सम्बन्धित**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**गण्डकी प्रदेश, नेपाल**

**२०७५ ............... महिनाको ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर वहत्तर) राजस्वको**

**मासिक विवरण**

| कार्यालय | यो महिनाको जम्मा | गत महिना सम्मको जम्मा | यो महिना सम्मको कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| **१.स्याङजा** | | | | |
| पुतलीबजार नगरपालिका | | | | |
| फेदीखोला गाउँपालिका | | | | |
| आँधिखोला गाउँपालिका | | | | |
| अर्जुन चौपारीगाउँपालिका | | | | |

अनुसूची - ७

द.ब.फाराम नं ३

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ तथा आर्थिक ऐन, २०७५ को दफा ८

## अनुसूची - ६ सँग सम्बन्धित

## २०७५ .................... महिनामा.................. महानगरपालिका, नगरपालिका, गाउँपालिकामा दहत्तर बहत्तर संकलन सम्बन्धी पेश गरेको विवरण

फर्म वा कम्पनीको नाम/ठेगाना.........

स्थायी लेखा नं/मू. अ. कर दर्ता नं........

| क.सं. | विवरण (खोला/नदीको नाम/स्थान) | किसिम (रोडा, गिटी, ढुंगा, चिप्स, माटो, बालुवा के हो खुलाउने) | संकलन अनुमति परिमाण (घनफिट) | कुल अनुमानित रकम वा कुल ठेक्का रकम | पेश गरेको | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | यो महिनाको जम्मा | | गत महिना सम्मको जम्मा | | यो महिना सम्मको कुल जम्मा | | |
| | | | | | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | |
| १ | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

दस्तखत ............................................................

फर्मको छाप

प्रोपाइटर/व्यवस्थापक/संचालकको नाम.....................

मिति ....................................................................